आमाछोदिङमो गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## गोल्जुङवेशी, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं. ०८३/०८४

मिति:२०८३/०६/०७

च.नं.

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङवेशी, रसुवा बागमती प्रदेश, नेपाल

### सतर्कता अपनाउने सम्बन्धि सूचना

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. ७१४ मिति २०८३।०६।०५ को पत्र, जिल्ला प्रशासन कार्यालय, रसुवाबाट मिति २०८३/०६/०५ गते जारी गरिएको उच्च सतर्कता अपनाउने सम्बन्धी सूचनासमेतलाई मध्यनजर गर्दै नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखा अनुसार बंगालको खाडीको पूर्वी भू-भाग र आसपासका क्षेत्रमा नेपालमा वर्षा गराउन सक्ने न्यून चापीय प्रणाली विकसित भई पश्चिम-उत्तरपश्चिमतर्फ सर्दै गईरहेको र यसका कारण देशको विभिन्न क्षेत्रमा मिति २०८३ असोज ९ गते शुक्रबार देखि असोज ११ गते आइतबार सम्म मेघगर्जन/चटयाङ/हावाहुरी सहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको भनी सूचना प्रकाशित भएको बेहोरा जानकारीका लागि अनुरोध छ।

हाल रसुवा जिल्ला आमाछोदिङमो गाउँपालिकाको अधिकांश भू-भागमा बादल लागिरहेको र उच्च पहाडी एवम् हिमाली भेगमा हिमपात तथा अन्य स्थानमा वर्षा सहित हावाहुरीको समेतको सम्भावना रहेको देखिएकाले यस्तो समयमा अनावश्यक रुपमा बाहिर हिड्डुल नगरी सुरक्षित स्थानमा बस्नुहुन अनुरोध छ। साथै, पदयात्रामा निस्कनुअघि मौसम सम्बन्धी पूर्व सूचना एवम् जानकारी लिनु हुन र पदयात्राका क्रममा कुनै विपद्जन्य घटना घट्न गएमा सम्बन्धित स्थानीय तह, स्थानीय जनप्रतिनिधि, नजिकको सुरक्षा इकाई तथा स्थानीय प्रशासनलाई यथाशीघ्र जानकारी गराउनु हुन समेत अनुरोध छ। आम नागरिकको जीउधनको सुरक्षा तथा सम्भावित विपद्को जोखिम न्यूनीकरण गर्न देहायबमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>देहाय</u>

१. गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूमा असोज ८ र ९ गते पठनपाठन तथा नियमित शैक्षिक गतिविधि सञ्चालन नगर्न सम्बन्धित विद्यालयहरूलाई अनुरोध गरिन्छ।

२. गाउँपालिका अन्तर्गत सरकारी वा सामुदायिक संस्थाको हकमा अत्यावश्यक सेवा भौतिक रुपमा उपस्थिति नभई अनलाईन सेवा बाट सेवा प्रवाह गरिने तथा विपद् व्यवस्थापनसँग सम्बन्धित सेवा भने आवश्यकता अनुसार सञ्चालनमा रहनेछन्।

३. आम नागरिक, शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूलाई भारी वर्षा भइरहेको अवस्थामा अनावश्यक यात्रा तथा आवतजावत नगर्न, बाढी तथा पहिरोको जोखिम भएका स्थानमा नजान र सुरक्षित स्थानमा रहन अनुरोध गरिन्छ।

४. कुनै विपद्जन्य घटना घटेमा तत्काल सम्बन्धित वडा कार्यालय, गाउँपालिका, स्थानीय सुरक्षा निकाय वा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC), रसुवामा जानकारी गराउनुहुन अनुरोध गरिन्छ।

<u>थप जानकारीको लागिः</u>

एपिएफ बिट थमुचेत : ९८४४४३१४८७

नेपाल प्रहरी थमुचेतः ९८५१२३७२५३

बिपद फोकल पर्सन :९८६३१९५२८३

०६/०८

............................

बिष्णु राई

प्रमुख प्रशासकीय अधिकृत

बिष्णु राई
प्रमुख प्रशासकिय अधिकृत

Web: www.aamachhodingmo.gov.np

Email:aamachhodingmo@gmail.com

CamScanner